कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

☎ ०८१-५४०००९

प.सं.: ०७८/०७९
च.नं.:

## करार सेवामा गणक लिने सम्वन्धी सूचना
प्रकाशित सूचना मितिः२०७८/११/१२

नेपाल सरकार,कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि,२०७७ अनुसार किसानहरुको पहिचान गरी किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीन तहको सरकारको साझेदारीमा किसानहरुको आवस्यक विवरणहरु विधुतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण कार्यक्रम कार्यान्वन गर्न यस आ.व.मा कोहलपुर नगरपालिकाको वडा नं १र २मा रहेका किसानहरुको सूचिकरण कार्य गर्नका लागि तपशिल बमोजिमको पद र संख्यामा करार सेवामा व्यक्तिहरु लिइ काम गर्न गराउनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिबाट १५ दिन भित्र कोहलपुर नगरपालिका प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७५ अनुसूची ३ को ढाँचामा कृषि शाखामा दरखास्त पेस गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कार्वाही गरिने छैन ।

तपशिलः

| सि.नं | पद | माग संख्या | न्युनतम योग्यता | दरखास्त दस्तुर | छनौट विधि | सेवा सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | गणक | ४(चार) | +२वा प्रमाणपत्र तह उतीर्ण | रु.३००/- | कोहलपुर नगरपालिका प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७५ | किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि,२०७७ अनुसार किसान सुचिकरण सुचना प्रणालीमा प्रविष्ट गरे अनुसार | २ महिना |

विशेष प्राथमिकता

क) स्थानीय बासिन्दालाई प्राथमिकता दिइने छ ।

ख) अनिवार्य कम्प्युटर जानेको हुनुपर्ने छ ।

ग)जनगणना तथा सर्वेक्षण वा विगतमा तथ्यांक संकलन कार्यमा अनुभव हासिल गरेका वा तालिम लिएका व्यक्तिहरुलाई प्राथमिकता दिइने छ ।

आवस्यक कागजातहरुः

१.नेपाली नागरिकताको प्रमाण पत्र

२.शैक्षिक योग्यतका प्रमाण पत्रहरु

३.कम्प्युटर तालिम तथा कम्प्युटर सम्वन्धी कार्य गरेको अनुभवको प्रमाण पत्र

अन्य जानकारीः

१.सम्पर्क गर्ने स्थान र मितिः कोहलपर नगरपालिका नगर कृषि शाखा २०७८/११/२६ गतेसम्म (१५ दिन भित्र)

२.काम गर्नुपर्ने स्थान कोहलपुर नगरपालिका वडा नं १ र २

३.कामको विवरणः तथ्यांक संकलन र सो किसान सुचिकरण सूचना प्रणालीमा प्रविष्ट गर्ने

४.उमेरःदरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पुरा भई ४० वर्ष(महिलाको हकमा ४५ वर्ष)ननाघेको ।

प्रमुख प्रशासकीय अधिकृत
०७८/११/१२


kohalpurmun@gmail.com , info@kohalpurmun.gov.np
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun